हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ४ | सङ्ख्याः ८ | मितिः २०७७०७२३

## भाग- ३

# हेटौँडा उपमहानगरपालिकाको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कायविधि-२०७७

**प्रस्तावना**

राष्ट्रिय पाठयक्रम विकास तथा मूल्याङ्कन परिषदद्वारा स्वीकृत राष्ट्रिय पाठयक्रम आधारभूत तह (कक्षा १–३) को कार्यान्वयन गर्नको लागि विकास गरिएको स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप समावेश गरी यस पाठ्यपुस्तकमा शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठयक्रम संरचाना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा १–३), विषयगत पाठयक्रमलाई मार्गदर्शक नीति तथा सिद्धान्तको रूपमा अवलम्वन गरी बालबालिकामा व्यवहार कुशल सीपहरू हाँसिल गराउँन साथै वर्तमान एकीकृत पाठ्यक्रमको मर्मसमेलाई आत्मसात गरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जगतमा आएका प्रभावलाई दृष्टिगत गरी स्थानीय परीवेश अनुसार स्थानीय भाषा, रीतिरिवाज, परम्परा, संस्कृति, स्थानीय सम्पदा समेतको संरक्षण, सम्वर्धन एवम्

प्रवर्धन गर्न बालबालिकालाई समाज अनुकुल समायोजन गर्न संविधान प्रदत्त अधिकारको कार्यान्वयन गर्न, स्थानीय क्षेत्र वा समुदायबाटै पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिकाले यो कार्यविधि तयार गरी जारी गरेको छ ।

## परिच्छेद–१

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ :

१) संक्षिप्त नाम :यस कार्यविधिको नाम '**हेटौँडा उपमहानगरपालिका पाठयक्रम निर्माण तथा कार्यान्वयन कार्यविधि-२०७७**' रहेको छ ।

२) प्रारम्भ : यस कार्यविधि-हेटौँडा उपमहानगरपालिकाको कार्यपालिकाबाट स्वीकृत प्राप्त भएपछि राजपत्रमा प्रकाशित भएको मितिदेखी लागु हुनेछ ।

२. परिभाषा तथा व्याख्या :

क) '**उपप्रमुख**' भन्नाले हेटौँडा उपमहानगरपालिकाको उपप्रमुखलाई जनाउनेछ ।

ख) '**कार्यविधि**' भन्नाले हेटौँडा उपमहानगरपालिकाको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन कायविधि -२०७७ जनाउनेछ ।

ग) '**केन्द्र**' भन्नाले नेपाल सरकारको पाठयक्रम विकास केन्द्र जनाउनेछ ।

घ) '**कार्यपालिका**' भन्नाले हेटौँडा उपमहानगरपालिकाको नगरकार्यपालिकालाई जनाउँनेछ ।

ङ) '**पाठ्य सामाग्री**' भन्नाले विद्यालयमा पठनपाठनका लागि प्रयोग हुने पाठयक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका, सन्दर्भ सामाग्री, शिक्षक-विद्याथी निर्मित श्रव्य, दृश्य, श्रव्यदृश्य सामाग्री, मल्टिमिडिया, मोवाइलफोन तथा अनलाइन पद्वतिमा विकास गरिने सामाग्री भनि बुझिन्छ ।

च) '**पाठयक्रम**' भन्नाले स्थानीय सरोकारवालाहरूको सहभागितामा उपमहानगरपालिकाको आवश्यकता, परिवेश अनुसार विषयवस्तुहरू समावेश गरी शिक्षण गर्न निर्माण गरिएको पाठ्यक्रमलाई जनाउनेछ ।

छ) '**वडा अध्यक्ष**' भन्नाले हेटौँडा उपमहानगरपालिका भित्रका वडाका अध्यक्षहरूलाई जनाउनेछ ।

ज) '**प्रमुख**' भन्नाले हेटौँडा उपमहानगरपालिकाको प्रमुखलाई जनाउनेछ ।

झ) '**नगरपालिका**' भन्नाले हेटौँडा उपमहानगरपालिकालाई जनाउनेछ ।

ञ) '**सदस्य**' भन्नाले हेटौँडा उपमहानगरपालिका शिक्षा समितिको सदस्यहरूलाई सम्झनुपर्छ । सो शव्दले प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाइ जनाउँछ ।

ट) '**समन्वय इकाइ**' भन्नाले मकवानपुर जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइलाई जनाउनेछ ।

ठ) '**समिति**' भन्नाले यस कार्यविधिको परिच्छेद(३) बमोजिम गठन गरिएको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिलाई जनाउनेछ ।

ड. '**शिक्षा प्रमुख**' भन्नाले हेटौँडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाको प्रमुखलाई जनाउनेछ ।

## परिच्छेद-२

## पाठ्यक्रम विकासको आधार

३) शैक्षिक विकेन्द्रीकरण पाठ्यक्रम सुधार पद्धतिको अवधारणा अनुसार उपमहानगरपालिकाले आवश्यकता र परिवेशलाई समेट्ने गरी बालबालिकाको चौतर्फी विकास गर्न देहायको विषयमा जोड दिएको छ ।

१) आधारभूत शिक्षा पाठ्यक्रममा राखिएका विषयहरूमध्ये स्थानीय विषयमा आधारित विषयवस्तु समेटीएको १०० पूर्णाङ्कको पाठ्यक्रम निर्माण गरिनेछ ।

२) मातृभाषा वा स्थानीय विषयवस्तु समेटिएको १०० पूर्णाङ्कमा साप्ताहिक पाठ्यभार र बार्षिक १६० पाठ्यभार अध्यापन गरिनेछ ।

३) राष्ट्रिय पाठ्यक्रम : २०७६ आधारभूत तह (कक्षा १-३) लाई आधारमानी सैद्धान्तिक विषयवस्तु ६० प्रतिशत र प्रयोगात्मक विषयवस्तू ४० प्रतिशतलाई समेटिने छ ।

४) विद्यार्थी मूल्याङ्कनको आधार निरन्तर विद्यार्थी मूल्याङ्कन (CAS) को विधिलाई पूर्णरूपमा लागू गरिनेछ ।

५) बालबालिकाको चौतर्फी विकास, व्यवहार, कुसल सीप, बालमनोविज्ञान, भयरहित सिकाइ सूचक जस्ता आयामहरूलाइ पूर्णरूपमा समावेश गरिनेछ ।

६) हेटौंडा उपमहानगरपालिकाको भौगोलिक, साँस्कृतिक, भाषिक, धार्मिक आदि विविधताहरूलाई पहिचान गर्ने विषयसमेतलाई समावेश गरिनेछ ।

## परिच्छेद-३

## पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समिति

४) उपमहानगर स्तरमा निर्माण गरिने पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य आवश्यक पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन गर्न गराउनका लागि पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समिति गठन गरिनेछ :

१) हेटौडा उपमहानगरपालिका पाठ्यक्रम निर्माण तथा कार्यानवयन समिति देहाय बमोजिम गठन हुनेछ ।

क) हेटौँडा उपमहानगरपालिका सामाजिक विकास समिति/संयोजक
संयोजक

ख) प्रमुख शिक्षा विकास महाशाखा
सदस्य

ग) शिक्षा विकास महाशाखाका अधिकृत एक जना
सदस्य

घ) समितिले मनोनित गरेको सामुदायिक विद्यालयमा कम्तीमा पाँच वर्षको शैक्षिक अनुभव भएको र पाठ्यक्रम विकासको क्षेत्रमा अनुभव भएको एकजना महिला सहित पर्ने गरी तीन जना
सदस्य

ङ) शिक्षा अधिकृत शिक्षा विकास महाशाखा
सदस्य सचिव

२) उपदफा १ को 'घ' बमोजिम मनोनित सदस्यहरूको पदावधि ३ वर्षका हुनेछ ।

३) उपदफा (१) बमोजिम गठन भएको समितिले तयार गरी निर्माण गरिने पाठयक्रम, सो समितिले निर्माण गर्ने अन्य पाठ्य सामाग्री, पाठ्यपुस्तक प्रत्येक ५ वर्षमा आवश्यकता अनुसार परिमार्जन तथा सुधार गर्न सकिन्छ ।

४) उपदफा (१) बमोजिम निर्माण गरिने पाठ्यक्रम विकास, कार्यान्वयन, अभिमुखीकरण, पठनपाठनलाई सरलीकृत गर्नका लागि पाठ्यपुस्तक लेखन, शिक्षक निर्देशिका निर्माण, अभ्यास पुस्तिका विकास जस्ता कार्यको लागि हेटौँडा उपमहानगरपालिकाले आर्थिक स्रोत साधन परिचालन गर्नेछ ।

५) समितिको बैठकहरूमा आवश्यकता अनुसार विज्ञताको सेवा लिन विषय विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद–४
## पाठ्यक्रम निर्मण तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

५) पाठ्यक्रम निर्माण तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) विद्यालयमा लागू गरिने हेटौँडा उपमहानगरपालिकाको पाठ्क्रम तथा पाठ्यपुस्तक सम्बन्धी नीति तय गर्ने ।

२) हेटौँडा उपमहानगरपालिकाको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्री निर्माण गर्न अवश्यकता अनुसार संरक्षक समिति, सल्लाहकार समिति, विज्ञ समिति, सम्पादन मुद्रण समिति, प्रवोधिकरण तथा अनुगमन समिति गठन गर्ने र सो समितिको आवश्यकताका आधारमा कामकर्तव्य आवश्यक अनुसार अधिकार तोक्ने ।

३) निर्मित स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्य सामाग्रीको आवश्यकता अनुसार परिमार्जन गर्ने गराउने ।

४) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामाग्री लेखन तथा प्रयोग सम्बन्धी नीति तय गरी लागू गर्ने, गराउने ।

५) पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री लेखन, सम्पादन, मुद्रण, अभिमुखिकरण, अनुगमन, निरीक्षण कार्यमा संलग्न व्यक्तिहरूको पारीश्रमिक, सेवा सुविधा, बैठक भत्ता लगायतको पारिश्रमिक निर्धारण गर्ने ।

६) निर्माण भएको पाठ्यक्रम, पाठयपुस्तक तथा पाठ्यसामाग्री विद्यालयमा लागू भए नभएको अनुगमन गर्ने गराउने ।

७) समितिले आवश्यकता अनुसार आफ्नो केही काम, कर्तव्य र अधिकार हेटौँडा उपमानगरपालिकाको शिक्षा महाशाखामा प्रत्यायोजन गर्ने ।

८) पाठ्यक्रम निर्माण गर्दा अपनाइएको चरणबद्ध पद्धतीबाट आएको सुझाव सल्लाह तथा प्रतिवेदनको अभिलेखीकरण गर्ने ।

६) आधारभूत तह कक्षा १-३ को स्थानीय पाठ्यक्रम लागू भएपछि नियमित प्रवोधिकरण, सरलीकरण तथा अनुगमनका लागि देहाय बमोजिम शिक्षक तथा प्रधानाध्यापक रहेको तीन सदस्यीय समिति गठन हुनेछ ।

१.	नियमित प्रबोधिकरण ,सरलीकरण तथा अनुगमनका लागि देहायबमोजिम समिति गठन गरिनेछ ।

क)	सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षक/प्रधानाध्यापकहरूमध्ये १ जना : संयोजक

ख)	संस्थागत विद्यालयका प्रधानाध्यापक/शिक्षक पाठ्यक्रमको क्षेत्रमा अनुभव भएको एक जना : सदस्य,

ग)	सामुदायिक विद्यालयमा कार्यरत पाठ्यक्रम सम्बन्धमा अनुभव भएको महिला शिक्षक एक जना : सदस्य,

२.	उपदफा(१) वमोजिम गठन भएका समितिको पदावधि ३ वर्षको हुनेछ ।

## परिच्छेद–५
## स्थानीय पाठ्क्रमको निर्माण प्रक्रिया

७)	स्थानीय पाठ्यक्रम निर्माण गर्दा राष्ट्रिय पाठ्यक्रम २०७७ को ढाँचा र परिधिभित्र रही देहायको विधि र प्रक्रिया अवलम्वन गरिनेछ ।

१)	स्थानीय पाठ्यक्रमका लागि आवश्यकता पहिचान भई विषयगत क्षेत्र छनोट पछि शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बुद्धिजीवि, विज्ञ समेतको प्रतिनिधित्व हुने गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने ।

२)	हेटौंडा उपमहानगरपालिका भित्रका विद्यालयको बस्तुस्थिति एवम् परिवेश समेतलाई सम्वोधन हुने गरी शिक्षा विकास शाखाले नेतृत्व गर्नेछ ।

३)	यस बमोजिमको स्थानीय पाठ्यक्रम निर्माण गर्ने पाठ्यक्रम विकास केन्द्र, जिल्लाभित्रका महाविद्यालयहरू, विद्यालयहरूबाट आवश्यक प्राविधिक सहयोग लिन सकिनेछ ।

४)	यस बमोजिमको स्थानीय पाठ्यक्रम निर्माण गर्ने पाठ्यक्रम विकास केन्द्र, जिल्लाभित्रका महाविद्यालयहरू, विद्यालयहरूबाट आवश्यक प्राविधिक सहयोग लिन सकिनेछ ।

५)	पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य पाठ्यसामाग्री निर्माण तथा परिमार्जन गर्नका लागि शिक्षा विकास  महाशाखाको प्रस्तावको आधारमा शिक्षा समितिले निर्णय गरी कार्यपालिकालाई सिफारिस गर्ने र कार्यपालिकाले तत्काल निर्णय गरी लागू गर्नेछ ।

८)	पाठ्यक्रम निर्माणका चरणहरू : हेटौंडा उपमहानगरपालिकाले आवश्यकताका आधारमा पाठ्यक्रम निर्माण प्रक्रियाको चरणबद्ध पालना गर्ने छ ।

## परिच्छेद–६
## विविध

९)	प्रचलित सङ्घीय सरकार, प्रदेश सरकार तथा पाठ्यक्रम विकास केन्द्रबाट विद्यालय तहको ( कक्षा १–३) पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा तय गरिएका नीतिलाई लागू  गरिनेछ ।

११) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि प्रावधान तथा शर्त प्रचलित सङ्घीय तथा प्रदेश ऐन कानूनसँग बाँझिएको हदसम्म अमान्य हुनेछ।

१२) यस कार्यविधि अनुसार भए गरेका सम्पूर्ण आर्थिक कारोबार एवं लेखा प्रणाली हेटौंडा उपमहानगरपालिकाको प्रचलित कानून बमोजिम हुनेछ।

१३) हेटौंडा उपमहानगरपालिका पाठ्यक्रम निर्माण तथा कार्यान्वयन उपसमितिले तयार गरी स्वीकृति प्रदान गरेको कागजात, अभिलेख हेटौंडा उपमहानगरपालिकामा सुरक्षित रहनेछ।

१४) यस कार्यविधिको व्याख्या, वचाउ एवं खारेज गर्ने पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकामा सुरक्षित रहनेछ।

प्रमुख प्रशासकीय अधिकृत
प्रमाणीकरण मितिः-२०७७/०७/२३ नमराज घिमिरे
हेटौंडा उपमहानगरपालिका

हेटौंडा राजपत्र